आज मिति २०७५ साल असार ०८ गतेका दिन व्यास नगरपालिका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति एवं निर्णयहरु निम्नानुसार रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |
| वरिष्ठ आ.ले.प.अ. | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |

**निर्णय नं.१:** आरिया एण्ड आर्याना कन्स्ट्रक्सन र मोर्डन कन्स्ट्रक्सन व्यास २ ले इजाजत पत्र नवीकरण गर्न दिनु भएको निवेदन कार्य व्यवस्तताका कारण नवीकरण गर्न छुट हुन गएकाले नियमानुसार लाग्ने जरिवाना लिई उक्त दुई कन्स्ट्रक्सनको इजाजत पत्र नवीकरण गरिदिने निर्णय गरियो ।

**निर्णय नं.२:** व्यास नगरपालिका वडा नं ३ भतेरी स्थित फोहोरमैला छुट्याउने स्थलको ट्रस निर्माण गर्न मिति २०७५/२/२२ को वोर्ड बैठकबाट रु.१,५०,०००। विनियोजन भएकोमा इष्टिमेट अनुसार नपुग भएको रकम रु.७०,०००। थप विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** यस व्यास न.पा.मा LGCDP कार्यक्रमका लागि प्राप्त बजेट मध्येबाट निम्नानुसारको कार्यालयलाई आवश्यक पर्ने सामानहरु खरिद गर्ने निर्णय गरियो ।

(क) डिजिटल इन्फरमेशन डिस्प्ले सिस्टम

(ख) प्रोजेक्टर, रिमोट, डिस्प्ले (प्रोजेक्टर)

(ग) Micro Mike Msater फोन र अन्य सामग्रीहरु

**निर्णय नं.४:** व्यास नगरपालिका तनहुँको तेस्रो नगर सभामा बजेट कार्यक्रम तर्जुमा समितिको संयोजक, उपप्रमुख मिरा जोशीबाट प्रस्तुत गरिने तपसिल अनुसारको आ.व.२०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

नगर सभाका अध्यक्षज्यू,

नगर सभा सदस्यज्यूहरु,

व्यास नगरपालिकाको २९ औं स्थानीय तहको पुनसंरचना पछिको तेश्रो नगर सभामा नगरपालिकाको तर्फबाट आर्थिक वर्ष २०७५/०७६ को लागी नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस अवसरमा नेपालमा लोकतन्त्र स्थापना गर्न प्राणको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस सभामा उपस्थित सम्पूर्ण महानुभावप्रति हार्दिक स्वागत अभिवादन गर्दछु र यो अवसर प्रदान गर्नुहुने सम्पूर्ण नगरवासीप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

नेपालको ४ नम्बर प्रदेश अन्तर्गत तनहुँ जिल्लामा अवस्थित व्यास नगरपालिका समुन्द्री सतहबाट २८० मिटरदेखि १२२० मिटरसम्म उचाइमा रहेको, २४८ वर्ग कि.मी.मा फैलिएको र राष्ट्रिय जनगणना २०६८ अनुसार तनहुँमा रहेको कुल जनसंख्या ३२३२८८ मध्ये ७०३३५ तनहुँवासीहरु यस नगरपालिकामा बसोबास गर्नुहुने विदितै छ । तनहुँ जिल्लाको कुल जनसंख्याको २१.७६ प्रतिशत नागरिक यस नगरपालिकामा बसोबास गर्नुहुने र तनहुँ जिल्लाको सदरमुकाम समेत यसै नगरपालिकामा रहेको समेत स्मरण गर्न चाहन्छु । २०४८ चैत्र ३० गते स्थापना भएको यो नगरपालिककाको स्थापना र संस्थागत गर्न महत्वपूर्ण योगदान गर्नुहुने तत्कालिन सरकार एवं जनप्रतिनिधिहरुप्रति व्यास नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

**सभा अध्यक्ष महोदय,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ लागु भएपछि गतवर्ष आ.व.२०७३/०७४ मा स्थानीय तहको निर्वाचन र आ.व.२०७४/०७५ मा संघ र प्रदेश तहको निर्वाचन भई तीनै तहका सरकारहरु गठन भएका छन् । संविधानको कार्यान्वयन गर्ने चरणमा अभ्यास गर्दै जाँदा प्रारम्भमा थुप्रै कठिनाईहरु हुँदाहुँदै पनि व्यास नगरपालिकाले नगरवासीको आवश्यकता र अपेक्षालाई भरसक सम्बोधन गर्ने प्रयत्न गरेको छ । हाम्रा बिच कतिपय अनुभव र कानूनका अभावहरु रहंदा रहँदै पनि विगत १ वर्ष नगरवासीकै सेवामा इमान्दारीपूर्वक हामीहरु लागेका छौं । नगरवासीको मष्तिष्कमा हाम्राप्रति रहेको धारणा र अनुभूतिबाट नै हाम्रो मूल्यांकन हुनेछ भन्ने हाम्रो विश्वास छ । व्यास नगरपालिकाले विगत १ वर्षमा गरेका मुख्य कार्यहरुको यस समयमा स्मरण गर्नु सान्दर्भिक हुनेछ ।

१. आर्थिक वर्ष २०७४/०७५ मा नगरपालिकाको स्थापना कालको २८ औं एवं दोस्रो नगर सभाबाट संशोधित अनुमान आय १ अरब ११ करोड २७ लाख ७० हजार ५ सय रहेको थियो । जसमा आन्तरिक आयतर्फ ८ करोड ५८ लाख हुने अपेक्षा गरिएकोमा २०७५ जेठसम्म ९ करोड २० लाख ११ हजार ७ सयसम्म यथार्थ आय हुन आएको छ भने भतेरी जग्गा अधिग्रहणका लागि आउने भनी पत्राचार गरिएको १० करोड हालसम्म पनि प्राप्त हुन नआएको हुँदा रु.९२ करोड ५२ लाख २ दुई हजार ४ सय जेठमसान्तसम्म यथार्थ आय भई कूल रु.१ अरब १ करोड ७२ लाख १४ हजार १ सय यथार्थ आय विवरण रहेको छ ।

    त्यस्तै व्ययतर्फ कूल रु १ अरब ११ करोड २७ लाख ७० हजार ५ सय संशोधित अनुमान गरिएको थियो । जसमा चालू खर्चतर्फ ५७ करोड ३२ लाख २१ हजार ४ सय अनुमान गरिएकोमा २०७५ जेठ मसान्त सम्म रु.४० करोड ७९ लाख २७ हजार १ सय यथार्थ खर्च हुन आएको छ भने पूँजीगत बजेट अन्तर्गत ५३ करोड ९५ लाख ४९ हजार १ सय अनुमान गरिएकोमा २०७५ जेठ मसान्तसम्म रु.२८ करोड १८ लाख ४५ हजार ३ सय खर्च भएको छ र कूल १२२५ योजनामा ११०० योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा पुगेका छन् ।

२. यस वर्षको प्रारम्भदेखि नै खानेपानीलाई प्राथमिकतामा राखिएको छ । खानेपानीका योजनाहरुलाई प्राथमिकतामा राखी वडा पहुँच मार्ग अन्तर्गत वडा नं.८ को वडा कार्यालयसम्म, वडा नं. ८ कै पुलिमराङबाट आउने वडा पहुँच मार्ग खोल्न सकिएको छ भने अन्य वडाका कार्यालयसम्म आउने पहुँच मार्गहरु पनि स्तरीकरण गरिएको छ । वडा नं.२, ४, ५, १० र ११ का वडा कार्यालय भवनलाई नयाँ तथा थप कार्य गरी पूर्णता दिने कार्यमा तिब्रता दिइएको छ । वडा नं. १ को वडा भवन निर्माणको प्रक्रिया पनि अघि बढेको छ ।

३. यसवर्ष लागत सहभागिताका १० वटा योजनाहरु सञ्चालनमा आई कालोपत्रे, नाला निर्माण, कृयापुत्री भवन निर्माण भएका र हुने क्रममा रहेका छन् । प्रत्येक वडामा सरदर १ करोड ५० लाखको हाराहारीमा बजेट विनियोजन भई विभिन्न योजना, तालिम, रोजगारी अभिवृद्धिका कार्यहरु गरिएका छन् ।

४. मानुङदेखि पुलिमराङसम्मको म्याराथन दौड, व्यास ३ स्थित वि.पि. वन वाटिकामा रहेको खेलकूद मैदान स्तरीकरण, लोकतन्त्रको पर्याय रहेको अनसन चौतारीको पुननिर्माण एवं पार्क निर्माण, कालिका जंगलपार्क र पराशर क्षेत्रमा मन्दिर निर्माण, व्यास गुफा क्षेत्रमा पार्क निर्माण, तनहुँशुर, पुलिमराङ सहिद पार्क निर्माण, छाब्दी मन्दिर बसपार्कको स्तरीकरण, शिशाघाट बजार क्षेत्र सडक विस्तार उल्लेखनीय कार्य गरिएका छन् । साथै मुस्लिम, दुरा, गुरुङ, मगर, क्षेत्री, क्रिस्चियन, नेवार संस्कृति एवं युवा प्रतिभा पहिचान र क्षमता अभिवृद्धिमा समेत सहयोग पुर्‍याइएको छ ।

५. व्यास नगरपालिका परिशरमा बहुउद्देश्यीय भवन निर्माण अन्तिम चरणमा पुगेको र तत्काल आवश्यकीय १५० क्षमताको सभाहल निर्माण सम्पन्न भएको छ । ३०० वटा विद्युत पोल र केही ह्युमपाइप समेत खरिद गरी आवश्यक स्थानमा वितरण हुने क्रममा रहेका छन् ।

६. यस वर्ष धार्मिक, पर्यटकीय एवं ऐतिहासिक क्षेत्रको गुरुयोजना निर्माण कार्य सम्पन्न भएको छ भने पुनसंरचना पछिको व्यास नगरपालिकाको एकीकृत शहरी विकास योजना निर्माण भइरहेको छ । साथै व्यास नगरपालिकाको वहुपक्षीय वडागत तथ्यांक संकलन गर्ने कार्य हाल चलिरहेको छ ।

७. आवास तथा भौतिक योजना र शहरी विकास मन्त्रालय अन्तर्गत व्यास ५ स्थित मानुङकोटसम्म जाने मार्ग कालोपत्रे गर्न, पराशर क्षेत्रमा पराशर पार्क निर्माण गर्न एवं व्यास १ स्थित करंकाठमा रहेको बसपार्क कालोपत्र गर्ने कार्यका लागि क्रमश: १० करोड, ३ करोड ५० लाख र ४ करोडको टेण्डर भइसकेको छ ।

८. नगरपालिकाले सहकारी ऐन, नगर शिक्षा नियमावली लगायतका कानूनहरु पारित गरी राजपत्रमा सूचना प्रकाशित गरी कार्यान्वयनमा ल्याएको छ । शिक्षा नियमावली कार्यान्वयनमा अनेक चुनौति सृजना भएतापनि व्यवस्थापन समिति नगर शिक्षा नियमावली अनुसार गठन भई सबै पक्षको सहयोग प्राप्त भएको छ, नियमावली अनुसार थप कार्यहरु अगाडि बढाई संविधान र कानूनले प्रत्याभूत गरेको व्यास नगरपालिकाको दायित्व पुरा गर्न नगरपालिका क्रियाशील रहेको छ ।

९. नगरपालिका स्थापना कालदेखि नै समस्या बनिरहेको बधस्थल व्यास ३ देउरालीनगर बुल्दीखोला किनारामा निर्माण भइरहेको छ र फोहर व्यवस्थापनका लागि यस वर्ष पहिलो पटक टेण्डर भई फोहरबाट पनि आय आर्जनको सिलसिला प्रारम्भ भएको छ । प्रस्तावित फोहर व्यवस्थापन केन्द्रको वातावरणीय विश्लेषण प्राप्त हुना साथ यसको व्यवस्थापन गर्न नगरपालिका क्रियाशील भएर लागि पर्नेछ ।

१०. नगरपालिका भित्र सार्वजनिक स्थान अतिक्रमण गर्ने प्रक्रियामा न्यूनिकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गर्दै राजमार्ग क्षेत्रका ७५ फीट भित्र सडक अतिक्रमण गरी बनाइएको घर, टहरा, संरचना भत्काउने अभियान प्रारम्भ गरिएकोमा सडक डिभिजन कार्यालयबाट ८२ फीट भित्रका संरचना हटाउन गरिएको सूचनाले अन्यौल सृजना गरेको छ; जुन अन्यौल छिट्टै अन्त्य हुनेछ । अन्य फुटपाथ अतिक्रमणलाई व्यवस्थापन गर्न स्थानीय वडा प्रतिनिधि, टोल विकास संस्था, नगर प्रहरी र जिल्ला प्रहरी कार्यालयको सहयोगमा व्यवस्थापन कार्यहरु भई केही सुधार आएको छ । फुटपाथमा गुजारा गर्नेहरुको पहिचान गरी आवश्यक व्यवस्थापनको लागि तत्कालीन र दीर्घकालीन उपायहरु अघि बढाइएको छ ।

११. नगरपालिकाको स्वामित्वमा रहेको बारुणयन्त्रलाई अर्को व्यवस्था नहुंदासम्म नेपाली सेना कृष्ण दल गण चापाघाटद्वारा सञ्चालन गर्न लागिएको छ । पृथ्वी राजमार्गमा द्रुत गतिमा हिड्ने गाडीबाट हुने दूर्घटना न्यूनीकरण गर्न जिल्ला प्रहरी कार्यालयलाई २ वटा "स्पिड कन्ट्रोल राडारगन" उपलब्ध गराइएको छ । नगर क्षेत्र भित्रको यातायात व्यवस्थापन मिलाउन सरोकारवालाहरुसँग समन्वय भइरहेको छ । विद्यालयमा जाने आउने विद्यार्थी शिक्षकहरुको मुख्य समय बिहान ९.०० बजेदेखि १०.३० बजेसम्म र साँझ ३.३० देखि ४.३० सम्म मालवाहक गाडी, बस, ट्याक्टरलाई दमौली बजारको भित्री सडकमा प्रवेश निषेध गरिएको छ ।

१२. नगरपालिका भित्रका भूकम्पबाट प्रभावित राहत प्राप्त गर्ने व्यक्तिहरुलाई पूर्ननिर्माण प्राधिकरण मार्फत सहयोग पुर्‍याउने कार्यमा नगरपालिकाले हरसम्भव सहयोग पुर्‍याइरहेको छ ।

यस क्रममा सहयोग पुऱ्याउनु हुने सबै नगर सभा सदस्यज्यूहरु, पूर्व स्थानीय निकायका जनप्रतिनिधिज्यूहरु, पूर्व एवं वर्तमान माननीय सदस्यज्यूहरु, जिल्ला समन्वय समितिका प्रतिनिधिज्यूहरु, पत्रकारज्यूहरु र सम्पूर्ण नगरवासीहरुमा धन्यवाद ज्ञापन गर्दछु ।

अब म आ.व.२०७५/०७६ का लागि लिइएको सोच, उद्देश्य, नीति तथा कार्यक्रमतर्फ सभाको ध्यानाकर्षण गर्न चाहन्छु ।

**<u>व्यास नगरपालिकाको दीर्घकालिन सोच:</u>**
"विविधतायुक्त एकताको समुन्नत गाउँशहर उज्यालो हराभरा समृद्ध हाम्रो व्यास नगर"

**<u>उद्देश्य</u>**

- बृहत्तर व्यास नगरपालिकाको अवधारणा अनुरुप आधारभूत तथा अत्याधुनिक शहरी पूर्वाधार विकास सहित समृद्धिका लागि दीर्घकालीन, मध्यकालीन र तत्कालीन योजना तर्जुमा र सोही अनुसार वातावरणीय दृष्टिबाट स्वच्छ, सफा, समुन्नत गाउँ शहर र उज्यालो, हराभरा समृद्ध व्यास नगरमा जोड दिने

- विकासको मूल प्रवाहबाट तुलनात्मक रुपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका लगायतका क्षेत्रको विकासका लागि जोड दिई लैङ्गिक समानता र समावेशी विकास एवं समतामूलक सामाजिक न्यायको अवधारणालाई आत्मसात् गर्ने ।
- उत्पादनमूलक र सेवा, व्यवसायको माध्यमबाट आर्थिक उन्नतिको अवसर सृजना गरी रोजगारी अभिवृद्धि गर्दै गरिबी न्यूनीकरण गर्ने ।
- विकास प्रकियामा जनसहभागिता अभिवृद्धि गर्दै समुदायस्तरको श्रोत परिचालन एवं अपनत्व विकसित गर्दै गरिबी न्यूनीकरण गर्ने ।
- आन्तरिक राजश्वका नयाँ क्षेत्रको पहिचान गर्दै विद्यमान स्रोतको प्रभावकारी एवं पारदर्शी ढंगले परिचालन गरी आत्मनिर्भरता बढाउने ।
- संविधान, संघीय, प्रदेश कानून अनुरुप व्यास नगरपालिका सरकार सञ्चालनका कानून, नियम, नीति तथा कार्यक्रमलाई विश्वसनीय बनाई शान्त र समृद्ध एवं सवल नगरपालिका बनाउने ।
- नगरपालिका क्षेत्रको शैक्षिक एवं न्यायिक प्रणालीलाई व्यवस्थित एवं सुदृढ बनाई समुन्नत र विश्वसनीय नगरपालिकाको पहिचान सृजना गर्ने ।

**यस वर्षको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

चालु आर्थिक वर्ष २०७५/०७६ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः दीगो विकासको लक्ष्य, राष्ट्रिय योजना आयोगबाट प्रक्षेपण गरिएका आवधिक योजना, व्यास नगरपालिकाको आवधिक योजनाले आत्मसात् गरेको बृहत्तर व्यास नगरपालिकाको एकीकृत शहरी विकास योजना, धार्मिक पर्यटकीय गुरुयोजना, नगरपालिकाले विगतदेखि अवलम्बन गर्दै आइरहेका क्षेत्रगत र विषयगत प्राथमिकतालाई नै प्रमुख नीति तथा आधारको रुपमा स्वीकार गरिएको छ । वडा स्तरीय बजेट सीमा निर्धारणको लागि वडाहरुलाई रु.१ करोड १० लाखको सीमा निर्धारण गरी सोही बमोजिम प्राथमिकता सूची निर्माण गर्ने पद्धति अवलम्बन गरिएको छ ।

**क्षेत्रगत नीति तथा आधारहरु**

१. आर्थिक विकास क्षेत्रतर्फः

यस अन्तर्गत नगर क्षेत्रभित्र कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र सुधार जस्ता क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा योजनाहरु समावेश गरिएका छन् । यस क्षेत्रमा कूल विनियोजनको २.४१ प्रतिशत रु.२ करोड ७० लाख ३० हजार विनियोजन गरिएको छ ।

२. सामाजिक विकास क्षेत्रतर्फः

नगरपालिका क्षेत्रको समग्र सामाजिक विकासको आधार शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संकृतिक प्रवर्द्धन, खेलकूद र मनोरञ्जन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता क्षेत्रलाई समेटेको छ । यस अन्तर्गत कूल बजेटको १६.४३ प्रतिशत रु.१८ करोड ४४ लाख ५० हजार विनियोजन गरिएको छ ।

३. पूर्वाधार विकास क्षेत्रतर्फः

पूर्वाधार विकास क्षेत्र अन्तर्गत स्थानीय सडक, कजवे, सिंचाई, भवन तथा शहरी विकास, सडक बत्ती तथा उर्जा गरी कूल बजेटको ३६.३३ प्रतिशत रु.४० करोड ७८ लाख १३ हजार विनियोजन गरिएको छ ।

४. वातावरण तथा विपद व्यवस्थापन क्षेत्रतर्फः

वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गरी कूल बजेटको १.७८ प्रतिशत रु.१ करोड ९९ लाख ६६ हजार २ सय विनियोजन गरिएको छ ।

५. सार्वजनिक सेवा तथा विकास क्षेत्रतर्फः

संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गत कूल बजेटको ४३.०५ प्रतिशत रु.४८ करोड ३१ लाख ७४ हजार ८ सय विनियोजन गरिएको छ ।

**आगामी वर्षका मुख्य मुख्य आयोजना र कियाकलापहरु**

१. आगामी वर्ष नगरपालिकाको बहुउद्देश्यीय भवन, सबै वडामा सुविधा सम्पन्न भवन निर्माण तथा मर्मत कार्य सम्पन्न गरी व्यवस्थापन गरिने छ ।

२. आगामी २ वर्ष भित्र छाब्दी मार्ग र छाब्दी स्थित बसपार्कलाई कालोपत्रे सम्पन्न गर्ने लक्ष्य लिई यस वर्ष २ करोड रकम विनियोजन गरिएको छ ।

३. आगामी ३ वर्ष भित्र माहेन्द्री मार्ग, कालिका मार्ग, केशवटार मार्ग, फराकचौर कलेस्ती रिङरोड, क्यामिन मार्ग, कलेस्ती गजौडे विर्ता मार्ग, सिन्धु मार्गलाई प्राथमिकतामा राखी कालोपत्रे सहित स्तरीकरण गरिनेछ र आन्तरिक सडकहरु नगरवासीको लागत सहभागितामा कालोपत्रे, पक्की, ग्राभेल गरी स्तरीकरण गरिनेछ । साथै आगामी चार वर्ष भित्र यस नगरपालिका भित्रका सबै वडा कार्यालयहरुमा कालोपत्रे सडक पुर्‍याइनेछ ।

४. नगरपालिकाभित्र बसोबास गर्नुहुने सबै नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन कार्यान्वयन भएका योजनालाई प्राथमिकतामा राखी सञ्चालन गर्ने, नयाँ योजनाहरुको श्रोत पहिचान गर्ने, मादीको पानी लिफ्ट प्रणालीमा उपलब्ध गराउन विस्तृत योजना बनाई लागू गर्न अध्ययन गरी डि.पि.आर. तयार गर्न रकम विनियोजन गरिएको छ ।

५. मादी नदीले प्रभावित गरेका बगर तथा टारहरुको सदुपयोग गरी खेलकूद मैदान, माछा पालन, औद्योगिक क्षेत्र स्थापना, सामूहिक तरकारी खेती लगायतका योजनाहरु संचालन गर्ने उद्देश्यका साथ नदी नियन्त्रण तथा तटबन्धका लागि बजेट विनियोजन गरिएको छ ।

६. नगर क्षेत्रका धार्मिक पर्यटकीय एवं ऐतिहासिक स्थानहरु, व्यासको १०८ फीटको मूर्ति निर्माण, व्यास पराशर क्षेत्र, मानुङकोट, तनहुँशुर, गलेखामकोट, पुलिमराङ लगायतका क्षेत्रमा रकम विनियोजन गरिएको छ । दमौली, पराशर, कलेस्ती, छाब्दीघाट निर्माण एवं मर्मतमा बजेट विनियोजन गरिएको छ ।

७. बुल्दी, कलेस्ती, रिस्ती, साँगे, छाब्दी उपत्यका क्षेत्रको विकासको सम्भाव्यता अध्ययन गरी बृहत्तर शहरी विकास आयोजनाहरु सञ्चालन गरिनेछ ।

८. नगरपालिका कार्यालय, वडा कार्यालयहरुलाई आगामी वर्ष स्मार्ट बनाई क्रमश: गाउँ, शहर र वस्तीलाई आगामी ३ वर्ष भित्र स्मार्ट बनाउने तर्फ कार्यक्रम अगाडि बढाइनेछ ।

९. नगरपालिकासँग जोडिएको व्यास मार्गलाई माथिल्लो भतेरी मार्फत दमौली जोड्ने, बुद्ध सिं मार्गलाई करंकाठ बसपार्कमा जोड्ने र बुद्ध सिं मार्ग अन्तर्गत पर्ने मास्दीबाट बैदी सानो भन्ज्याङ, खाल्टे कोटाटर, नवलपरासीको गैडाकोट नगरपालिका जोड्ने बाटोको विस्तृत अध्ययन गरी प्रदेश र संघ सरकारसँगको समन्वयमा निर्माण कार्य अगाडि बढाउन जोड दिइने छ ।

१०. नगरपालिका अन्तर्गत रहेको न्यायिक समिति, मेलमिलाप केन्द्रहरु र मध्यस्तता विधिलाई प्रभावकारी र विश्वसनीय बनाउन क्षमता विकास गरिनेछ ।

११. नगरपालिका भित्रका माध्यमिक तहसम्मका विद्यालयहरुमा शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय पक्षलाई सुधार गरी दरबन्दी मिलान गरी प्राविधिक विषयको थप कक्षाहरु प्रारम्भ गरिनेछ । सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली लागू गरी हाजिरीको न्यूनतम महिनामा एक पटक मूल्यांकन गरिनेछ र सबै विद्यालयका प्रधानाध्यापकहरुको व्यवस्थापन समिति मार्फत पुर्ननियुक्ति गरी नगरपालिकासँग तीन वर्षे करार सम्झौताद्वारा विद्यालयका प्रधानाध्यापकहरुलाई जिम्मेवार बनाइनेछ । नगरपालिका क्षेत्रभित्रका विद्यालय जान सक्ने सबै बालबालिकाहरुलाई विद्यालयमा पठन पाठनको व्यवस्था मिलाइने छ । साथै संरक्षक विहिन एवं विद्यालय जान आर्थिक कारणले असक्षम बालबालिकाहरुलाई विद्यायमा पठन पाठनको व्यवस्थापन गर्न पर्ने आवश्यक खर्चको नगरपालिकाले जिम्मा लिनेछ ।

१२. नगरपालिकामा हाल वडागत तथ्यांकहरु संकलन गर्ने कार्य चलिरहेकोले त्यसबाट घर जग्गा, व्यवसायको तथ्यांक प्राप्त भएपछि बाँझो जग्गाको भूउपयोग नीति लागु गरिनेछ र कृषि तथा पशुपालनलाई प्रोत्साहन गरिनेछ ।

१३. व्यास नगरपालिका अन्तर्गत वडा नं.२, ३, ४ का सडक नामाकरण र घर नम्बर व्यवस्थित रुपमा राखिन लागेको र आगामी वर्षमा वडा नं.१, ५ र १० मा विस्तार गरिनेछ ।

१४. घर निर्माण आचार संहितालाई पूर्ण पालना गराउँदै घर नक्शापास, घर निर्माण कार्यको सूपरिवेक्षण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ । घर नक्शा सम्बन्धी विवरणहरुलाई विद्युतीय सुरक्षामा राखिनेछ ।

१५. यसवर्ष गरिएको म्याराथन (मानुङकोटदेखि पुलिमराङसम्म) लाई निरन्तरता दिई आगामी वर्ष पनि सञ्चालन गरिने छ । खेलकूद क्षेत्रको विकासलाई प्राथमिकतामा राखी वि.पि. वन वाटिकामा रहेको खेल मैदानलाई अखिल नेपाल फुटवल संघ (ANFA) सँग र जिल्ला समन्वय समितिको सहयोगमा स्तरीकरण गरिनेछ ।

१६. बालमैत्री, अपाङतामैत्री, महिला हिंसा रहित नगरपालिका, ज्येष्ठ नागरिकमैत्री, लैङ्गिक समानतामैत्री वातावरण निर्माण गर्न नगरपालिकाले रकम विनियोजन गरेको छ र ती कार्यक्रमलाई परिणाममुखी बनाइनेछ ।

१७. व्यास नगरपालिका भित्रका सुकुम्बासी एवं अव्यवस्थित बसोबास गर्नेहरुको व्यवस्थापनको लागि प्रदेश तथा संघीय सरकार र जिल्ला समन्वय समितिसँग समन्वय गरी समाधान गर्न पहल गरिनेछ ।

१८. व्यास ५ को पतेनीटार, व्यास ६ को शिशाघाट, व्यास ७ को कलेस्ती नरंगा, व्यास १० को बैरेनी र व्यास ११ को रानीगाउँ क्षेत्रमा जग्गा विकास कार्यक्रम लागू गर्न प्रकिया अगाडि बढाइने छ ।

१९. व्यास नगरपालिका वडा नं. ५ को चिन्तुटार र वडा नं.१० को परेवा रहदेखि चुरे खोल्सीसम्म औद्योगिक क्षेत्र निर्माणमा पहल गरिनेछ ।

२०. व्यास नगरपालिकाको वातावरण पक्ष र सार्वजनिक सरकोकारका विषयमा प्रतिकुल असर नपर्ने गरी ढुंगा, वालुवा, गिटी लगायत उत्खनन कार्यलाई नगरपालिकाको प्रमुख आन्तरिक आय आर्जनको श्रोत बनाइने छ ।

२१. मादी नदी पुलदेखि पूर्वतर्फको भतेरी जग्गालाई अधिग्रहण गर्ने कार्यलाई संघीय सरकारसँग पहल गर्दै पूर्वदेखि पश्चिम उत्तरतर्फ रहेको वडा नं.४ र १० को बिचमा पर्ने माथिल्लो भतेरीलाई तटबन्धन गरी बसपार्क निर्माण गरिने छ ।

२२. दमौली अस्पताललाई ५० वेडको सुविधा उपलब्ध गराउन पूर्वाधार निर्माण गर्न र स्वास्थ्य केन्द्र नभएका वडामा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न रकम विनियोजन गरिएको छ ।

२३. आगामी वर्षभित्र व्यास १० स्थित दुम्सीचौरमा ताल निर्माण गरी त्यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्नका लागि रकम विनियोज गरिएको छ ।

२४. व्यास नगरपालिकाको व्यास १ भादगाउँ, व्यास ७ को कलेस्ती बजार, व्यास ९ को गजौडे, व्यास १४ को केशवटार क्षेत्रमा प्रहरीचौकी राख्न पहल गरिनेछ । साथै व्यास नगरपालिकाभित्र लागू औषध दूर्व्यसनी मुक्त नगरपालिका बनाउन सम्बद्ध पक्षसँग समन्वय गरी वडा समिति, टोल संस्थाहरु, विद्यालयहरु र नगर प्रहरीको अधिकतम उपयोग गरी विशेष अभियान सञ्चालन गरिनेछ ।

२५. व्यास नगरपालिकाको निर्माणाधीन एकीकृत शहरी विकास योजना र भौतिक योजना तथा शहरी विकास मन्त्रालयबाट पश्चिम नेपाल अन्तर्गत निर्माण हुँदै गरेको बृहत्तर शहरी विकास योजना आगामी वर्ष सम्पन्न गरी सो अनुसार आगामी कार्यक्रमहरु तय गरिनेछ ।

२६. जिल्लाका संचार माध्यमको विकास र पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि व्यास नगरपालिका सधै प्रतिवद्ध रहेकोमा आगामी दिनमा पनि निरन्तरता दिँदै लोकतन्त्रको मूल्य मान्यतालाई आत्मसात गर्ने लक्ष्यका साथ जिल्लाका पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि खोजमूलक पत्रकारिता, विकास पत्रकारिता लगायत विविध विषयगत तालम सहित सञ्चार गृहको विकासका लागि सहयोग पुर्‍याइनेछ ।

२७. व्यास नगरपालिका भित्र जैविक कृषि उत्पादन प्रणाली प्रवर्द्धन गर्न आगामी वर्ष ग्रामिण क्षेत्रमा न्यूनतम चार स्थानमा अनुसन्धान सहित नमूना खेती प्रारम्भ गरिनेछ ।

२८. व्यास नगरपालिकामा कोल्डस्टोर, चिस्यान केन्द्र, कोल्डरुम स्थापना गर्ने कार्यमा प्रदेश सरकारसँग साझेदारी, समन्वय र सहलगानी गरी कार्यान्वयन गरिनेछ ।

२९. युवाहरुको प्रतिभा खोजी एवं पहिचान कार्यक्रमहरुमा सहयोग पुर्‍याउदै आगामी वर्ष जिल्लास्तरीय व्यास नगर “मेयर कप” फुटवल प्रतियोगिता सञ्चालन गरिनेछ ।

३०. नगरपालिका भित्र सञ्चालित प्रारम्भिक बाल विकास केन्द्रहरुको व्यवस्थापन र व्यास २ स्थित बाल कल्याण भवनमा सञ्चालित बाल पुस्तकालयलाई स्तरीकरण गरिनेछ ।

३१. पृथ्वी राजमार्ग लगायतका राष्ट्रिय, प्रदेश स्तरीय र नगर भित्रका आन्तरिक मापदण्ड तय भएका सडकहरुमा अतिक्रमण गरी निर्माण भएका सबै प्रकारका संरचनाहरु सरोकारवाला सरकारी, गैरसरकारी संघसंस्था सँग समन्वय गरी हटाइनेछ ।

**सभा अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७५/०७६ का लागि वार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा अख्तियार गरिएका लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकताको आधारमा तयार गरिएको बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको लागि निम्न अनुसार आयव्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु । बजेटको विस्तृत विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

**क) <u>आय अनुमान</u>**

आर्थिक वर्ष ०७५/७६ को लागि कुल रु.१ अरब १२ करोड २४ लाख ३४ हजारको आय अनुमान गरिएको छ । जस मध्ये आन्तरिक स्रोतबाट रु.१४ करोड ११ लाख रहेको छ, जुन रकम कूल बजेटको १२.५७ प्रतिशत हुन आउँछ । बाह्य स्रोतबाट केन्द्रीय सरकारको सशर्त अनुदानबाट रु.४२ करोड ३४ लाख, वित्तीय समानीकरण अनुदान रु.१८ करोड ३८ लाख, सामाजिक सुरक्षा अनुदानमा रु.१२ करोड, राजश्व बाँडफाँडमा रु.१२ करोड १२ लाख ५४ हजार, सडक बोर्ड नेपाल अनुदान रु.४५ लाख, त्यस्तै प्रदेश सरकारको अनुदानबाट वित्तीय समानीकरणमा रु.१ करोड ३३ लाख ८० हजार, सवारी कर राजश्व बांडफांडमा रु.९७ लाख ८७ हजार ४ सय ५ रुपैया, त्यस्तै नगर विकास

कोषबाट ऋण रु.१ करोड ५० लाख र अन्य आय तथा बैंक मौज्दात अल्याबाट रु.७ करोड २ लाख १२ हजार ५ सय ९५ रुपैयां, लागत सहभागिताबाट रु.२ करोड गरी कुल रु.९८ करोड १३ लाख ३४ हजार रहेको छ, जुन कुल बजेटको ८७.४३ प्रतिशत हुन आउँछ ।

ख) **व्यय अनुमान**

आ.व. २०७५/०७६ मा कुल रु.१ अरब १२ करोड २४ लाख ३४ हजारको व्यय हुने अनुमान गरिएको छ । जस मध्ये चालु खर्च रु.६४ करोड ७५ लाख १४ हजार ८ सय रहेको छ, जुन रकम कूल बजेटको ५७.६९ प्रतिशत हुन आउँछ भने पूँजीगत खर्चतर्फ रु. ४७ करोड ४९ लाख १९ हजार २ सय रहेको छ, जुन रकम कूल बजेटको ४२.३१ प्रतिशत हुन आउँछ ।

**सभा अध्यक्ष महोदय,**

वस्ती टोल हुँदै वडा समिति कार्यालयबाट प्राप्त हुन आएका सम्पूर्ण कार्यक्रम तथा योजनाहरुमा बजेट विनियोजन गर्न नसकिएतापनि त्यस्ता योजनाहरुको आवश्यकता र औचित्यताको आधारमा प्रदेश सरकार, केन्द्र सरकार तथा वैदेशिक श्रोतबाट थप अनुदान प्राप्त हुन आएमा सोबाट सम्वोधन गरिने नीति अवलम्बन गरिएको छ । यस वर्ष रकम विनियोजन हुन बाँकी रहेका त्यस्ता योजनाहरुलाई योजना बैंकमा संकलन गरी नगरपालिका सूचना तथा अभिलेख शाखामा सुरक्षित गरिएका छ ।

अन्त्यमा, यस नगरपालिकाको आर्थिक वर्ष ०७५/७६ को नीति, बजेट तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा महत्वपूर्ण सहयोग पुर्याउनु हुने माननीय सभासदज्यूहरु, सल्लाहकारज्यूहरु, यस नगरपालिकाका विभिन्न विषयगत र शाखागत समितिका संयोजक एवं सदस्यज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु, राजश्व परामर्श समितिका पदाधिकारीज्यूहरु, लेखा समितिका पदाधिकारीज्यूहरु, फोहरमैला व्यवस्थापन तथा अनुगमन समितिका पदाधिकारीज्यूहरु, टोल विकास संस्थाका पदाधिकारीज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाज, पत्रकार मित्रहरु, नगरपालिका कार्यालयका कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासी दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**निर्णय नं.५:** व्यास नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को आर्थिक विद्येयक नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** व्यास नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को विनियोजन विद्येयक नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** व्यास नगरपालिकाको साझेदारी विकास कोषको कुल रु.२,०१,५०,०००। को आयव्यय विवरण सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** नगरपालिका क्षेत्रभित्र आ.व.२०७५/०७६ मा संचालन हुने तपसिल अनुसारका गैर सरकारी संस्थाहरुको बजेट विवरण सहित नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | गैर सरकारी संस्थाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १. | कोशिस (राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन) | ९८९,०००।०० |
| २. | Room To Reed | ५,२१६,६४६।०० |
| ३. | एकीकृत हरित विकास नेपाल | १,२०७,३५०।०० |
| ४. | नेपाल एकीकृत ग्रामीण विकास केन्द्र | १,०६४,२००।०० |
| ५. | अव्हयूदय संस्था नेपाल | १६३,१७५।०० |
| ६. | महिला शक्ति विकास केन्द्र नेपाल | ३,४८८,३९४।०० |
| ७. | शान्तिका लागि समग्र विकास | ८९२,९००।०० |
| | जम्मा | १३,०२१,६६५।०० |

**निर्णय नं.९:** व्यास नगरपालिकाकाको आ.व. २०७४/०७५ को जेठ मसान्तसम्म भएको सम्पूर्ण आम्दानी तथा खर्चहरु अनुमोदन गर्नका लागि सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** व्यास नगरपालिकाकाको आ.व.२०७४/०७५ को आयव्ययमा नियमानुसार संशोधन गर्न सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

क) आम्दानी तर्फ रकमान्तर

| संकेत नं. | आम्दानीका शीर्षकहरु | पूर्व अनुमान | थप गरिएको | घटाइएको | हाल कायम भएको |
|---|---|---|---|---|---|
| १.१.१ | सम्पत्ति कर | १५,०००,०००।०० | ४८४,५००।०० | | १५,४८४,५००।०० |
| १.१.३ | सवारी साधन कर | १,८५०,०००।०० | ४७७,०००।०० | | २,३२७,०००।०० |
| १.१.४ | विज्ञापन कर | ३००,०००।०० | २,१००।०० | | ३०२,१००।०० |
| १.१.५ | व्यवसाय कर | २,२००,०००।०० | ३६०,०००।०० | | २,५६०,०००।०० |
| १.१.७ | बहाल विटौरी | | ६८,०००।०० | | ६८,०००।०० |
| १.१.९ | प्राकृतिक स्रोत साधन उपयोग कर | ३८,०००,०००।०० | १,५९१,०००।०० | | ३९,५९१,०००।०० |
| १.२.२.२ | सरसफाई | १,८००,०००।०० | ४७,५००।०० | | १,८४७,५००।०० |
| १.२.२.५ | वस्ती विकास | ३३०,०००।०० | २४५,०००।०० | | ५७५,०००।०० |
| १.२.२.६ | सम्पत्ति मुल्यांकन | ५००,०००।०० | १४,०००।०० | | ५१४,०००।०० |
| १.३.१.१ | दर्ता र नविकरण | २००,०००।०० | २९,५००।०० | | २२९,५००।०० |
| १.३.१.२ | घरनक्शा पास | ८,०००,०००।०० | १०,३७७,०००।०० | | १८,३७७,०००।०० |
| १.३.१.३ | सिफारिस | ६,०००,०००।०० | २,६३६,०००।०० | | ८,६३६,०००।०० |
| १.४.१ | दण्ड जरिवाना | १००,०००।०० | ११०,०००।०० | | २१०,०००।०० |
| १.५.१.१ | घर भाडा | ४,८००,०००।०० | २,४२३,०००।०० | | ७,२२३,०००।०० |
| १.५.१.२ | मेशनरी उपकरण भाडा | ३००,०००।०० | ११४,५००।०० | | ४१४,५००।०० |
| १.५.१.४ | परिक्षा | ३०,०००।०० | ७५,५००।०० | | १०५,५००।०० |
| १.५.१.५ | विविध फाराम | १,५००,०००।०० | १५४,०००।०० | | १,६५४,०००।०० |
| १.५.१.६ | अन्य विविध आय | २३०,०००।०० | ३७३,०००।०० | | ६०३,०००।०० |
| २.१.२ | सशर्त अनूदान | ३१२,७८३,०००।०० | ३३,१०५,५३२।९४ | | ३४५,८८८,५३२।९४ |
| २.१.४ | ग) सामाजिक सूरक्षा अनूदान | ११३,०००,०००।०० | ३७५,०००।०० | | ११३,३७५,०००।०० |
| | घ) जग्गा अधिग्रहण अनूदान | १००,०००,०००।०० | | ५०,३३१,०८२।३८ | ४९,६६८,९१७।६२ |
| | च) एल.जि.सि.डि.पि. कार्यक्रम | २,१३३,०००।०० | १,१३०,०००।०० | | ३,२६३,०००।०० |
| | झ) अन्य (एकदेव आले, पर्यटन, ज्येष्ठ नागरिक) | | ७,२३४,०००।०० | | ७,२३४,०००।०० |
| २.३.१ | नगर विकास कोष | ७१,५००,०००।०० | | १७,७७४,५५२।४६ | ५३,७२५,४४७।५४ |
| ३.१ | जनसहभागिता नगद | २६,४९२,५००।०० | २,४१९,०००।०० | | २८,९११,५००।०० |
| ४. | अन्य (गत आ.व. रजिष्ट्रशन शूल्क बांकी आय) | | १,८२५,५००।०० | | १,८२५,५००।०० |
| ४.१ | खानेपानी कर्मचारी तलब | १,१००,०००।०० | ७३८,००१।९० | | १,८३८,००१।९० |
| ४.२ | जिल्ला समन्वय समिति अनूदान | १५०,०००।०० | १,६९७,०००।०० | | १,८४७,०००।०० |
| | जम्मा | ७०८,२९८,५००।०० | ६८,१०५,६३४।८४ | ६८,१०५,६३४।८४ | ७०८,२९८,५००।०० |

ख) खर्च तर्फ रकमान्तर (१) चालु खर्च

| संकेत नं. | खर्चका शीर्षकहरु | पूर्व अनुमान | थप गरिएको | घटाइएको | हाल कायम भएको |
|---|---|---|---|---|---|
| १.१.१ | जनप्रतिनिधि पारिश्रमिक | ४,६८०,०००।०० | ५,०९७,५००।०० | | ९,७७७,५००।०० |
| १.१.२.१ | अन्य बैठक भत्ता | ३,६००,०००।०० | | ३५०,०००।०० | ३,२५०,०००।०० |
| २.१.१ | न.पा.कर्मचारी तलब (ीन्ऋम्ए, खा.पा. न.प्रहरी समेत) | ३८,१९५,४००।०० | | ३,७५०,०००।०० | ३४,४४५,४००।०० |
| २.१.२ | न.पा.कर्मचारी संचित बिदा, उपचार खर्च | ५,०००,०००।०० | | ५,०००,०००।०० | |
| २.१.३ | न.पा.कर्मचारी महंगी भत्ता एवं अन्य भत्ता | २,०४६,०००।०० | | १५०,०००।०० | १,८९६,०००।०० |
| २.१.४ | न.पा.कर्मचारी परिवहन भत्ता | २१८,४००।०० | | २१८,४००।०० | |
| २.१.५ | न.पा.कर्मचारी पोशाक भत्ता | ७६५,०००।०० | १५४,०००।०० | | ९१९,०००।०० |
| २.१.६ | न.पा.कर्मचारी दैनिक भ्रमण भत्ता | १,०००,०००।०० | ३५०,०००।०० | | १,३५०,०००।०० |
| २.२.१ | कर्मचारी तलब भत्ता | ३२,८१७,०००।०० | ९१७,०००।०० | | ३३,७३४,०००।०० |
| २.२.२ | घ वर्ग | १,०००,०००।०० | | १,०००,०००।०० | |
| २.२.३ | महंगी भत्ता | ९७२,०००।०० | १२,५००।०० | | ९८४,५००।०० |
| २.२.६ | कर्मचारीहरुको पोशाक भत्ता | ६६८,०००।०० | ७,०००।०० | | ६७५,०००।०० |
| २.२.७ | पाले, का.स.सेवा करार कर्मचारी तलब | १,७९६,०००।०० | | २५०,०००।०० | १,५४६,०००।०० |
| २.२.१० | शिक्षक तलब र प्रशासनिक खर्च | १७१,९७६,०००।०० | १३,५६२,०००।०० | | १८५,५३८,०००।०० |
| २.२.११ | मा.वि.शिक्षक तलब र प्रशासनिक खर्च | ८१,६१८,०००।०० | १९,४४४,०००।०० | | १०१,०६२,०००।०० |
| ३.१.१.१ | धारा विजूली | ६००,०००।०० | | ५०,०००।०० | ५५०,०००।०० |
| ३.१.१.३ | सेवा अन्य | २,२००,०००।०० | | १००,०००।०० | २,१००,०००।०० |
| ३.१.१.४ | स्टेशनरी | १,१००,०००।०० | | १५०,०००।०० | ९५०,०००।०० |
| ३.१.१.५ | छपाई | १,५००,०००।०० | | २९०,०००।०० | १,२१०,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१.२ | न.पा. भाडा | १,१७०,०००।०० | | ३९०,०००।०० | ७८०,०००।०० |
| ३.१.४ | न.पा. खप्ने मालसामान | २,८००,०००।०० | | २४०,०००।०० | २,५६०,०००।०० |
| ३.१.८ | संचार महशुल | १६२,०००।०० | ४३,०००।०० | | २०५,०००।०० |
| ३.१.१० | घर भाडा | १५२,०००।०० | | १२०,०००।०० | ३२,०००।०० |
| ४.१.१ | न.पा. सवारी साधन मर्मत सम्भार | २,५००,०००।०० | | ९००,०००।०० | १,६००,०००।०० |
| ४.१.२ | न.पा. सवारी साधन इन्धन | ३,०००,०००।०० | | १,१००,०००।०० | १,९००,०००।०० |
| ५.१.१ | तालिम, गोष्ठी, सेमिनार | ३,०००,०००।०० | | २,२४०,०००।०० | ७६०,०००।०० |
| ५.१.२ | सशर्त अनूदान तर्फ | १९,२०४,०००।०० | | ६,२००,०००।०० | १३,००४,०००।०० |
| ५.१.३.३६ | पुर्ण सरसफाई कार्यक्रम (खानेपानी सरसफाई समेत) | ४४७,४२०।०० | | ४४७,४२०।०० | |
| ५.१.३.४८ | विपद व्यवस्थापन तथा जगेडा कोष | ४५०,०००।०० | | ४५०,०००।०० | |
| ५.१.३.५५ | सायित्य, कला, संस्कृति संरक्षण कार्यक्रम | ५००,०००।०० | ५,१००,०००।०० | | ५,६००,०००।०० |
| ५.१.३.५६ | नगरस्तरीय खेलकूद व्यवस्थापन ( म्याराथून) | १,५००,०००।०० | ७५०,०००।०० | | २,२५०,०००।०० |
| ५.१.३.५७ | बालमैत्री कार्यक्रम | ७००,०००।०० | | २००,०००।०० | ५००,०००।०० |
| ५.१.३.५८ | लैंगिक समता एवं सामाजिक समावेशी कार्यक्रम | ७००,०००।०० | | १५०,०००।०० | ५५०,०००।०० |
| ५.१.३.६१ | यूवा लक्षित दुर्व्यसनी न्यूनिकरण सचेतना कार्यक्रम | २००,०००।०० | | १५०,०००।०० | ५०,०००।०० |
| ५.१.३.६२ | महिला तथा बालिबालिका शाखा | २,५२९,०००।०० | १,१३५,०००।०० | | ३,६६४,०००।०० |
| ५.१.३.६५ | वातावरणमैत्री कार्यक्रम | १,०००,०००।०० | | ५००,०००।०० | ५००,०००।०० |
| ५.१.३.६६ | सार्वजनिक जग्गा संरक्षण एवं पूनर्नापी कार्यक्रम | ४००,०००।०० | | ४००,०००।०० | |
| ५.१.३.६७ | विपद एवं प्रकोप व्यवस्थापन कोष | १,०००,०००।०० | | २००,०००।०० | ८००,०००।०० |
| ५.१.३.६८ | अध्ययन अवलोकन भ्रमण | ७००,०००।०० | | ६००,०००।०० | १००,०००।०० |
| ५.१.३.७० | सार्वजनिक निजी साझेदारी कार्यक्रम | २००,०००।०० | | २००,०००।०० | |
| ५.१.३.७१ | सामाजिक सूरक्षा भत्ता | ११३,०००,०००।०० | १,९००,०००।०० | | ११४,९००,०००।०० |
| ८.१ | न.पा. ऋणको व्याज भूक्तानी (नयां भवन) | ४,०००,०००।०० | १,६७०,०००।०० | | ५,६७०,०००।०० |
| ९.१.१ | विविध (जलपान, चाडपर्व, लेखापरीक्षण, श्रेस्ता) | २,१५०,०००।०० | | ४५०,०००।०० | १,७००,०००।०० |
| ९.१.२ | भैपरि (अन्य, घर निर्माण सापटी, राष्ट्रिय दिवस) | १,३००,०००।०० | ४७०,०००।०० | | १,७७०,०००।०० |
| ९.१.३ | नगर सभा संचालन | १,५००,०००।०० | | ३५०,०००।०० | १,१५०,०००।०० |
| ९.१.४ | वडा व्यवस्थापन | ३,४००,०००।०० | ९०,०००।०० | | ३,४९०,०००।०० |
| ९.१.५ | असहाय तथा राहत कोष | १,०००,०००।०० | | २००,०००।०० | ८००,०००।०० |
| ९.१.६ | सदस्यता शूल्क | २००,०००।०० | | १४०,०००।०० | ६०,०००।०० |
| ९.१.७ | पूरस्कार | २००,०००।०० | | १६०,०००।०० | ४०,०००।०० |
| ९.१.८ | आय तथा आन्तरिक सापटी फिर्ता | २००,०००।०० | ६६,०००।०० | | २६६,०००।०० |
| ९.१.९ | गरिवसंग विश्वेश्वर कार्यक्रम | ४२९,०००।०० | १३,०००।०० | | ४४२,०००।०० |
| | **जम्मा** | ५२१,४४५,२२०।०० | ५०,७८१,०००।०० | २७,०९५,८२०।०० | ५४५,१३०,४००।०० |

**(२) पूंजीगत खर्च**

| | | | | | |
|---|---|---|---|---|---|
| १.१ | जग्गा खरिद (अधिग्रहण) | १००,०००,०००।०० | | ४५,६६२,१८०।०० | ५४,३३७,८२०।०० |
| ३.१ | फर्निचर | २,०००,०००।०० | ४३९,०००।०० | | २,४३९,०००।०० |
| ४.१.१ | गाडी खरिद | ६,२००,०००।०० | १७,०००।०० | | ६,२१७,०००।०० |
| ४.१.२ | ट्याक्टर खरिद | १,८००,०००।०० | १००,०००।०० | | १,९००,०००।०० |
| ४.१.३ | मोटरसाइकल खरिद | १,५५०,०००।०० | २,०४१,०००।०० | | ३,५९१,०००।०० |
| ६.१.५७ | देउरालीनगर रेडक्रस लाईन नाला निर्माण तथा १६ फुटे बाटो ग्रावल योजना | ५१५,०००।०० | १३५,०००।०० | | ६५०,०००।०० |
| ६.१.५५३ | बस पार्क निर्माण (बसपार्क जाने बाटो १४लाख समेत) | २,५००,०००।०० | १४४,५००।०० | | २,६४४,५००।०० |
| ६.१.५६४ | मठ,मन्दिर,गूम्बा,मस्जिद प्रार्थना गृह निर्माण एवं मर्मत | १,४५०,०००।०० | ५२१,०००।०० | | १,९७१,०००।०० |
| ६.१.५८० | विद्यालय सूधार कार्यक्रम | ४२५,०००।०० | ८२७,५००।०० | | १,२५२,५००।०० |
| ६.१.५८१ | ठूला खानेपानी योजना संचालन | १,५१०,०००।०० | ४,५६८,०००।०० | | ६,०७८,०००।०० |
| ६.१.५८३ | कृषि तथा सिंचाई | १,८००,०००।०० | २०,५००।०० | | १,८२०,५००।०० |
| ६.१.५८४ | विविध फूटकर योजना | ४,७८४,१५७।०० | १०,२२३,०००।०० | | १५,००७,१५७।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१.५८४.१ | सिर्जनशील टोलमा नाला निर्माण | १,८५१,२२६।०० | १,६९०,५००।०० | | ३,५४१,७२६।०० |
| ६.१.५८४.२० | पराशर क्षेत्र संरक्षण समिति शिव मन्दिर निर्माण | १,०००,०००।०० | ३५०,०००।०० | | १,३५०,०००।०० |
| ६.१.५८८ | शहरी स्वास्थ्यचौकी भवन र खोप केन्द्र निर्माण | २,०००,०००।०० | ३००,०००।०० | | २,३००,०००।०० |
| ६.१.५९१ | डांग्रेखोल्सी जनसेविका विद्यालय अगाडि नाला निर्माण | २,०००,०००।०० | ६००,०००।०० | | २,६००,०००।०० |
| | **जम्मा** | १३१,३८५,३८३।०० | २१,९७७,०००।०० | ४५,६६२,१८०।०० | १०७,७००,२०३।०० |
| | **कूल जम्मा** | ६५२,८३०,६०३।०० | ७२,७५८,०००।०० | ७२,७५८,०००।०० | ६५२,८३०,६०३।०० |